संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय – जाइका प्राविधिक सहयोग
शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप – २)

# जाइका कोमक्याप – २ जानकारी-पत्र

अंक १ जनवरी, २०१६ (माघ, २०७२)

## परियोजना निर्देशकको सन्देश



**रेश्मी राज पाण्डे**
सह-सचिव,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

जापान सरकार र नेपाल सरकार बीच धेरै पुरानो मित्रता कायम रहेको तथा जापान सरकारले धेरै कार्यक्रम/परियोजनाहरु मार्फत नेपालको विकासका विभिन्न क्षेत्रमा सहयोग गरिरहेको छ । यस क्रममा जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल कार्यालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनवरी २०१० देखि सेप्टेम्बर २०१४ सम्म कार्यान्वयन भएको कोमक्याप परियोजना मार्फत सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गर्न सहयोग गरेको थियो । यो परियोजनाले सिन्धुली र महोत्तरी जिल्लाका २० गा.वि.स.हरु छनोट गरी सामुदायिक मेलमिलाप सेवा कार्यान्वयनको नमूना परीक्षण गर्दा सामुदायिक मेलमिलाप सेवाले सिमान्तकृत समूहलाई न्याय दिलाएको मात्र नभई सामाजमा शान्ति र सौहार्दता कायम गर्न एवम् विकासका कृयाकलापहरुलाई गति दिने उपयुक्त वातावरण सिर्जना गर्नसमेत सफल भएको प्रमाणित गरायो ।

सामुदायिक मेलमिलाप सेवाले स्थानीयस्तरको शान्ति, न्याय तथा विकासमा पारेको सकारात्मक प्रभावलाई मध्यनजर गर्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामुदायिक मेलमिलाप सेवालाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, दोश्रो चरण (एलजिसिडिपि – २) मार्फत सवै गा.वि.स तथा नगरपालिकाहरुमा विस्तार गर्ने पहल गरेको छ । यस सन्दर्भमा जाइकाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जाइका कोमक्याप – २ परियोजना मार्फत सामुदायिक मेलमिलापलाई स्थानीय निकायहरुमा संस्थागत गराउन र सामुदायिक मेलमिलाप सेवा प्रवाहमा सरकारी निकायहरुको क्षमता अभिवृद्धिका लागि पुन: प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

यो परियोजना २०१५ को जुलाईमा शुरु भई मे २०१८ सम्म कार्यान्वयनमा रहने छ । मलाई विश्वास छ, यो परियोजना एलजिसिडिपि – २ को मेलमिलाप सेवालाई कम्तिमा ५०% गा.वि.स./नगरपालिकाहरुसम्म विस्तार गर्ने लक्ष हासिल गर्न साथै नेपालमा स्थानीय विकास अघि बढाउने उपयुक्त वातावरणका लागि शान्त तथा सौहार्दपूर्ण समाज निर्माण गर्न सामुदायिक मेलमिलाप सेवालाई संस्थागत गर्ने कार्यमा कोशेढुंगा सावित हुनेछ ।

यस अवसरमा यो परियोजना सञ्चालनका लागि प्राविधिक सहयोग उपलब्ध गराइदिएकोमा म जापानी जनता, जापान सरकार, जाइका नेपाल तथा जाइका कोमक्याप - २ लाई धन्यवाद दिन चाहन्छु ।

यो जानकारी-पत्र यसको उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने कामना व्यक्त गर्दछु ।

## यस अंकमा


- परियोजना निर्देशकको सन्देश
- सामुदायिक मेलमिलाप किन ?
- जाइका कोमक्याप - २ : छोटो जानकारी
- सिन्धुलीमा सामुदायिक मेलमिलाप कार्यान्वयनको अवस्था
- सामुदायिक मेलमिलाप सेवाको व्यवस्थापन संरचना


## सामुदायिक मेलमिलाप सेवा किन ?

- विवाद समाधानबाट विवादका दुवै पक्षहरुलाई आपसी सन्तुष्टि र जित-जितको अवस्था सिर्जना गर्न
- समुदायस्तरका विवादहरु स्वएम्सेवी मेलमिलापकर्ताहरुबाट स्थानीयस्तरमै समाधान गर्न
- विवाद समाधान गर्दा विवादित पक्षहरुको समय, पैसा तथा थप शारीरिक एवम् मानसिक दु:ख कम गराउन
- विवाद समाधान गर्दा विवादित पक्षले व्यक्त गरेका बिचारहरुको विवाद समाधान पश्चातसम्म गोपनीयता कायम राख्न
- इर्श्या, रिस तथा वैमनस्यता कम गराई विवादित पक्षहरुको बिग्रेको सम्बन्ध सुधार गर्न
- समस्या/विवादको दिगो समाधान सिर्जना गर्न
- प्रहरी, स्थानीय प्रशासन तथा अदालतहरु जस्ता सरकारी सरोकारवाला निकायहरुको कार्यभार कम गराई अन्य महत्वपूर्ण कामका लागि समय उपलब्ध गराउन
- स्थानीय जनताहरु बीच सौहार्दपूर्ण सम्बन्ध कायम गराई विकास निर्माणलाई अघि बढाउने उपयुक्त वातावरण सिर्जना गर्न

# जाइका कोमक्याप - २ छोटो जानकारी

नेपाली समाजमा अनौपचारिक विवाद समाधान एउटा परम्परागत प्रकृयाको रुपमा रहेको छ। नेपालमा समुदायस्तरका विवादहरुको स्थानीयस्तरबाटै समाधान गर्ने प्रकृयागत पहल विभिन्न दातृ निकायहरुबाट विभिन्न जिल्लाहरुमा सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गर्न थालेपछि सन् १९९० को मध्येतिरबाट भयो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सिन्धुली र महोत्तरी जिल्लामा सन् २०१० देखि २०१४ सम्म जाइकाको प्राविधिक सहयोगमा "शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना (कोमक्याप)" कार्यान्वयन गर्‍यो । स्थानीय विकासका लागि शान्ति तथा स्थिरताको महत्व र कोमक्याप परियोजना अवधिको उपलब्धिलाई मनन् गर्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभिन्न दातृ निकायहरुबाट सहयोग भएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि - २) मार्फत सामुदायिक मेलमिलाप सेवालाई देशव्यापी रुपमा संस्थागत गराउन शुरु गरेको छ ।

माथिको पृष्ठभूमीका आधारमा नेपाल सरकारले जाइकासंग स्थानीय जनताहरुको स्थानीय निकायहरुले व्यवस्था गरेको सामुदायिक मेलमिलाप सेवामा पहुँचको स्थिती सुधार गर्नका लागि "शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (कोमक्याप - २)" सञ्चालनका लागि अनुरोध गर्‍यो ।

जाइका कोमक्याप - २ एउटा प्राविधिक सहयोग परियोजना हो जसले देशैभरि शान्त तथा सौहार्दपूर्ण समाज निर्माण गर्न विवाद समाधान; विशेषगरी सामुदायिक मेलमिलाप सेवाको व्यवस्थापन गर्ने क्षमता सुदृढीकरण गर्ने लक्ष राखेको छ । परियोजनाले काठमाण्डौबाट कार्य सञ्चालन गर्दछ तर कार्यक्रम कार्यान्वयनका लागि केही जिल्लाहरु पनि छनोट गरिने छ । परियोजनाबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवम् जिल्ला विकास समितिहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् भने गा.वि.स.हरु, नगरपालिकाहरु तथा समुदायका महिला लगायत आर्थिक तथा सामाजिक रुपले सिमान्तकृत मानिसहरु अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । यो परियोजनाको अवधि जुलाई २०१५ बाट शुरु भएर २ वर्ष र ११ महिनालाई तय गरिएको छ ।
यस परियोजनाबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखालाई नेपाली कर्मचारीहरु समेतको जापानी परियोजना टोलीले सामुदायिक मेलमिलापको सुदृढीकरणका लागि प्राविधिक सहयोग उपलब्ध गराइने छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्वायत्त शासन व्यवस्था महाशाखाका सह-सचिव यो परियोजनाका परियोजना निर्देशक, सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखाका उप-सचिव परियोजना व्यवस्थापक र सोही शाखाका शाखा अधिकृत सम्पर्क अधिकृत रहेका छन् । परियोजनाको कार्यकारी संरचनाको रुपमा परियोजना निर्देशकको अध्यक्षतामा संयुक्त समन्वय समिति र परियोजना व्यवस्थापकको अध्यक्षतामा प्रगति समीक्षा समितिको व्यवस्था रहेको छ ।

जाइका कोमक्याप - २ को समग्र लक्ष, उद्देश्य तथा अपेक्षित उपलब्धिहरु निम्नअनुसार रहेका छन्:

## समग्र लक्ष

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत सञ्चालन भएको सामुदायिक मेलमिलाप सेवा अधिराज्यभरिका समुदायमा बस्ने मानिसलाई उपलब्ध भएको हुनेछ ।

## परियोजना उद्देश्य

सामुदायिक मेलमिलाप सेवालाई अधिराज्यभर विस्तार गर्ने क्षमता तथा संयन्त्र सुदृढ भएको हुनेछ ।

## परियोजनाका अपेक्षित उपलब्धिहरु

- विवाद व्यवस्थापन, विशेषतः सामुदायिक मेलमिलापको अवस्था विश्लेषण गरिने ।
- सामुदायिक मेलमिलापलाई विस्तार गर्नका लागि नीति तथा मार्गचित्र तर्जुमा गरिने ।
- तालिमबाट सामुदायिक मेलमिलापको व्यवस्थापन तथा प्रशासन क्षमता विकास गर्ने ।
- सामुदायिक मेलमिलाप केन्द्रहरुको स्थापना गर्ने र विशेषतः सामुदायिक मेलमिलाप पद्धतिबाट विवाद समाधान र उपयुक्त तवरबाट केन्द्रको सञ्चालन गराइने ।
- मेलमिलापसंग काम गर्ने विकास साझेदारहरु, गै.स.स.हरु र अन्य संस्थाहरु बीचको समन्वय संयन्त्र सुदृढ हुने छ ।
- सामुदायिक मेलमिलापलाई नेपालका विशेष गरी लक्षित जिल्ला/गा.वि.स. का स्थानीय मानिसहरुले समुदायस्तरमा विवाद व्यवस्थापनको प्रभावकारी तरिकाको रुपमा चिनेका हुनेछन् ।

# सिन्धुलीमा सामुदायिक मेलमिलाप कार्यान्वयनको अवस्था

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सिन्धुली र महोत्तरी जिल्लाका छानिएका गा.वि.स.हरुमा जाइकाको प्राविधिक सहयोगमा जनवरी २०१० देखि सेप्टेम्बर २०१४ सम्म सामुदायिक मेलमिलाप परियोजना (कोमक्याप) कार्यान्वयन गरेको थियो । यस अवधिमा परियोजनाले दुबै जिल्लाका गरी २० गा.वि.स.हरुमा सामुदायिक विवाद समाधान गर्नका लागि सामुदायिक मेलमिलाप पद्धतिको सुरुवात गर्न सहयोग गरेको थियो । परियोजनाले तालिम दिएर १८ जना जिल्ला प्रशिक्षक र ५५७ जना सामुदायिक मेलमिलापकर्ता तयार गर्‍यो र विभिन्नस्तरका तालिमहरु सञ्चालन गरी प्रत्येक परियोजना गा.वि.स.हरुमा सामुदायिक मेलमिलाप केन्द्र स्थाना गर्न सहयोग गर्‍यो । सामुदायिक मेलमिलाप केन्द स्थापनापश्चात समुदायमा भएका विवादहरु मेलमिलाप केन्द्रमा दर्ता हुन थाले र मेलमिलापकर्ताहरुले विवाद समाधान गर्न थाले । कार्यान्वयनको क्रममा परियोजनाले परियोजना तथा सामुदायिक मेलमिलाप केन्द्रका गतिविधिहरुको आवधिक समीक्षा गर्नुका साथै विभिन्न क्रियाकलापहरु; जस्तै आम सहभागितामा अन्तरक्रिया, सडक नाटक प्रदर्शन, रेडियो कार्यक्रम प्रसारण तथा पत्र-पत्रिका र चाडवाडको शुभकामना-पत्र वितरण जस्ता माध्यमबाट मेलमिलाप पद्धतिको प्रचार-प्रसार गर्ने कार्यमा सहयोग गरेको थियो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जाइका नेपालको प्राविधिक सहयोगमा जुलाई २०१५ देखि कोमक्याप परियोजनाको दोश्रो चरण (जाइका कोमक्याप - २) कार्यान्वयनमा ल्याएको छ । यसै क्रममा जाइका कोमक्याप - २ ले २०१५ को डिसेम्बर १४ देखि २३ सम्म कोमक्यापको पहिलो चरणमा सिन्धुली जिल्लाका सामुदायिक मेलमिलाप कार्यक्रम लागु भएका परियोजना गा.वि.स.हरुमा सामुदायिक मेलमिलाप सेवा सञ्चालनको अद्यावधिक समीक्षा गरेको थियो । १० वटै गा.वि.स.हरुको समीक्षा कार्यक्रममा गा.वि.स. सचिवहरु, स्थानीय राजनैतिक दलका नेताहरु, सामुदायिक मेलमिलापकर्ताहरु, वडा नागरिक मञ्चका प्रतिनिधिहरु तथा केही अन्य स्थानीय वासिन्दाहरुको उपस्थिति रहेको थियो । यो समीक्षा कार्यक्रममा परियोजनाले जाइका नेपाल कार्यालयमार्फत मोन्टबेल कम्पनीबाट प्राप्त मेलमिलापकर्ताहरुको ज्याकेट पनि सबै मेलमिलापकर्ताहरुलाई वितरण गरेको थियो ।

समीक्षा बैठकका सहभागीहरुले बैठकमा उल्लेख गरेअनुसार सामुदायिक मेलमिलाप कार्यक्रमका मुख्य उपलब्धिहरु निम्नअनुसार रहेका छन् :

- मेलमिलापकर्ता तथा स्थानीय राजनैतिक दलका नेताहरुले सामुदायिक मेलमिलापले सामुदायिक विवादहरु दुवै पक्षले जित्ने गरी समाधान गर्न सकेको अनुभव गरे । उनीहरु आफ्नो गा.वि.स.मा मेलमिलाप सेवालाई निरन्तरता दिनमा प्रतिबद्ध देखिए ।
- सामदायिक मेलमिलापकर्ताहरु अझैसम्म स्वयम्सेवी रुपमा काम गर्न उत्साहित नै रहेको पाइयो । केही गा.वि.स. हरु (रतनचुरा, भद्रकाली तथा तीनकन्या) मा मेलमिलापकर्ताहरुको आवधिक बैठकहरु अझैसम्म नियमित रहेको पाइयो । छलफलपश्चात अन्य गा.वि.स. का मेलमिलापकर्ताहरुमा पनि सामुदायिक मेलमिलापसम्बन्धी ज्ञान तथा अनुभव आदान-प्रदान गर्नका लागि नियमित बैठक बस्ने तत्परता तथा प्रतिबद्धता देखियो ।
- स्थानीय बासिन्दाहरुले (स्थानीय प्रहरीसमेत) सामुदायिक मेलमिलापकर्ताहरुलाई विवाद समाधान गर्न सक्ने मानिसका रुपमा चिन्न थालेका छन् तर धेरैजसो स्थानीय मानिसहरुले अझै सामुदायिक मेलमिलाप सेवाको उपयोग गर्ने गरेका छैनन् । विवादित पक्षहरु; विशेषगरी अर्को पक्षलाई लिखित रुपमा निवेदन दर्ता गराउन अप्ठेरो मान्ने तथा विवाद समाधानको लागि दोश्रो पक्ष सामुदायिक मेलमिलाप केन्द्र (गा.वि.स. कार्यालय) मा नआइदिने समस्या रहेको छ ।
- सिन्धुली जिल्लामा रहेका सबै सामुदायिक मेलमिलाप केन्द्रहरुको स्थापनादेखि यता जम्मा २६० वटा विवाद दर्ता भएका । तीमध्ये मेलमिलाप प्रकृयाबाट ७८ प्रतिशत विवादहरु समाधान भएका । अन्य विवादहरुमध्ये कुनै विवादका पक्षहरु आफैं मिलेका, केही अन्य निकायमा गएका र केही विवादहरु अझै समाधानको प्रकृयामा रहेका छन् ।
- दुईवटा विवादहरु (भद्रकाली र कुशेश्वर दुम्जा गा.वि.स. मा १-१) जिल्ला अदालतबाट मेलमिलापका लागि सामुदायिक मेलमिलाप केन्द्रमा पठाइएको र ती विवादहरुलाई सामुदायिक मेलमिलाप प्रकृयाबाट सफलतापूर्वक समाधान गर्न सकिएको ।
- सबैजसो गा.वि.स.हरुमा सामुदायिक मेलमिलाप कार्यक्रम लागु भैसकेपछि समुदायस्तरका झगडाको संख्यामा कमी आएको देखियो ।
- सामुदायिक मेलमिलाप कार्यक्रमको प्रभावलाई मध्यनजर गर्दै जिल्ला विकास समिति सिन्धुलीले एलजिसिडिपि - २ कार्यक्रमको सहयोगमा एउटा गा.वि.स. र माण्डवी (द एसिया फाउण्डेशनले सहयोग गरेको एक गै.स.स.) ले जिल्लाका बाँकी रहेका सबै गा.वि.स. र नगरपालिकाहरुमा सामुदायिक मेलमिलाप कार्यक्रम कार्यान्वयन शुरु गरेको पाइयो ।



भद्रकाली गा.वि.स., सिन्धुलीका सामुदायिक मेलमिलापकर्ताहरु: मोन्टबेलबाट सहयोग गरिएको ज्याकेटमा (डिसेम्बर, २०१५)



सामुदायिक मेलमिलाप कार्यान्वयनको समीक्षा: कुशेश्वर दुम्जा गा.वि.स., सिन्धुली (डिसेम्बर २०१५)

## जाइका कोमक्याप - २ : आगामी क्रियाकलापहरू

१. समकक्षी सरकारी अधिकारीहरुका लागि तेश्रो मुलुकको तालिम
२. आधार-रेखा सर्वेक्षण सम्पन्न गर्ने तथा सूचना आदान-प्रदान गर्ने
३. सामुदायिक मेलमिलापसम्बन्धी उच्च प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने
४. संयुक्त समन्वय समितिको बैठक सञ्चालन गर्ने
५. महोत्तरी जिल्लामा सामुदायिक मेलमिलाप कार्यान्वयनको समीक्षा तथा सामुदायिक मेलमिलापकर्ताहरुका लागि ज्याकेट वितरण गर्ने

# सामुदायिक मेलमिलाप सेवाको व्यवस्थापन संरचना

## प्रशासनिक संरचना

**१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
१. केन्द्रीय समन्वय बैठक सञ्चालन
२. केन्द्रीयस्तरको अभिमुखीकरण सञ्चालन (स्था.वि.अ. तथा सा.वि.अ. का लागि)

**२ जिल्ला विकास समिति**
१. जिल्ला समन्वय बैठक सञ्चालन
२. जिल्लास्तरीय अभिमुखीकरण सञ्चालन (गा.वि.स. तथा नगरपालिकाहरुका लागि)

**३ गा.वि.स./नगरपालिका**
गा.वि.स./नगरपालिकास्तरीय अभिमुखीकरण सञ्चालन (राजनैतिक दल, गै.स.स. र अन्य सामुदायिक संस्थाका लागि)

**४ वडा नागरिक मञ्च**
वडास्तरीय अभिमुखीकरण सञ्चालन तथा सामुदायिक मेलमिलापकर्ता छनोट गर्ने

## सामुदायिक मेलमिलाप तालिम संरचना

**५ गा.वि.स./नगरपालिका**
सामुदायिक मेलमिलापकर्ताहरुको उम्मेदवारहरुको सूची एकत्रित गर्ने

**६**
१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले केन्द्र तथा जिल्लास्तरमा सामुदायिक मेलमिलाप तालिम आयोजना गर्ने
२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तालिम सामाग्रीहरु तयार गर्ने
३. जिल्ला विकास समितिबाट सामुदायिक मेलमिलाप तालिम कार्यान्वयनका लागि समन्वय गर्ने

**७ गा.वि.स./नगरपालिका**
सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने

## अनुगमन, अभिलेखन तथा प्रतिवेदन संरचना

**८ गा.वि.स./नगरपालिका**
विवादहरुको रेकर्ड एकत्रित गर्ने र जि.वि.स.मा प्रतिवेदन पेश गर्ने

**९**
१. जि.वि.स. ले रेकर्ड एकत्रित गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने
२. जि.वि.स. ले बैकल्पिक विवाद समाधानका क्षेत्रमा काम गर्ने समूहहरुसंग बैठक गरी ADR Map तयार गर्ने

**१० संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
१. अनुगमन गर्ने
२. अभिलेख व्यवस्थापन गर्ने

परियोजना तथा जानकारी-पत्रका बारेमा सम्पर्कका लागि

**शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण**
**(जाइका कोमक्याप - २)**
**काठमाण्डौ - ११, थापाथली, नेपाल**
**फोन/फ्याक्स : +९७७ -१ ४१०२११६**